# हरिवन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हरिवन, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

प.सं.:२०८३/०८४
च.नं.:

हरिवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय हरिवन, सर्लाही मधेश प्रदेश, नेपाल २०७३

फोन नं. : ०४६-५३०४९९

## अत्यन्त जरुरी सूचना

### भारी वर्षाको सम्भावना रहेकाले उच्च सतर्कता अपनाउन अनुरोध

नेपाल मौसम विभागद्धारा मिति २०८३ असोज ५ गते जारी विशेष मौसम बुलेटिन अनुसार उत्तर अन्डमान सागर र आसपासको क्षेत्रमा विकसित न्यून चापीय क्षेत्र हाल बंगालको खाडीको मध्य भु-भाग आसपासमा रहेको र उक्त प्रणाली थप शक्तीशाली बन्दै बलियो न्यून चापीय क्षेत्र भई उत्तर पश्चिम दिशातिर सर्न गई यसको प्रभावले आगामी आश्विन ९ गते शुक्रबार देखि आश्विन ११ गते आईतबारसम्म देशभर ठुलो वर्षा हुने सम्भावना रहेको साथै मधेश प्रदेशका जिल्लाहरुमा पनि केही स्थानहरुमा मेघगर्जन चट्याङ,हावाहुरीसहित भारी देखि धेरै भारी वर्षा समेतको सम्भावना रहेकाले उक्त सम्भावित वर्षाका कारणले बाढी पहिरो तथा डुवानको जोखिम रहेकाले ठूला तथा साना नदीनाला र खोला खोल्सीहरुमा पानीको सतह बढ्न गएर हुन सक्ने दैनिक जनजीवन, कृषि, स्वास्थ्य लगायतका नदी किनारा क्षेत्र आसपासका निर्माण कार्य,सडक तथा बाटो घाटो,सार्वजनिक यातायात समेत प्रभावित हुन सक्ने भएको हुदाँ यस नगरपालिकाका आम सर्वसाधरण सबैले तपसिल बमोजिमको सतर्कता अपनाउनुहुन अनुरोध गरिन्छ।

१. नदी तथा खोला किनार,डुवान हुन सक्ने क्षेत्र,पहिरो जोखिम भएका क्षेत्रमा विशेष सावधानी अपनाउने साथै सुरक्षित स्थानमा स्थानान्तरण हुने।
२. जोखिमको संकेत देखिएमा समयमै नजिकको सुरक्षित स्थानमा जाने र नगर कार्यपालिकाको कार्यालय तथा सुरक्षा निकायसँग समन्वय गर्ने।
३. अति आवश्यक अवस्थामा बाहेक लामो दुरी तथा रातिको समयमा यात्रा नगर्ने। यात्रा गर्नु अघि सडक तथा मौसमको अवस्थाबारे जानकारी लिने।
४. बालबालिका,जेष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति,गर्भवती तथा बिरामी व्यक्तिको सुरक्षामा विशेष ध्यान दिने।
५. पशुचौपाया, खाधान्न, औषधि, महत्वपूर्ण कागजात तथा अन्य आवश्यक सामाग्री सुरक्षित राख्ने।
६. नेपाल मौसम विज्ञान विभाग, सङ्घीय सरकार, प्रदेश सरकार, हरिवन नगरपालिका तथा सुरक्षा निकायबाट जारी हुने आधिकारीक पूर्वानुमान, पूर्वसूचनाको नियमित जानकारी लिने तथा निर्देशन पालना गर्ने।

साथै विपद् सम्बन्धी थप जानकारीका लागि निम्न नम्बरहरुमा सम्पर्क गर्नुहुन अनुरोध छ।

- वर्षा र बाढीबारे जानकारी लिनः ११५५
- नेपाल प्रहरीः १००
- सशस्त्र प्रहरी बलः ११४

यस नगरपालिका अन्तर्गत आईपरेको विपद्को जाकारीका लागि निम्न नम्बरहरुमा सम्पर्क गर्नुहुन अनुरोध छ।

- नगर प्रमुखः ९८५४०३७१२१
- सूचना अधिकारीः ९८५४०३७४९७
- विपद् सम्पर्क व्यक्तिः ९८६३४४१३१६

**२०८३ असोज ७ गते बुधबार**
**ने.स.११४६ अंलाथ्व द्धादशी**

.............................
रमेश बुढाथोकी
नगर प्रमुख